<u>विधेयक नं. १२</u> सभाबाट स्वीकृत मिति : २०७६-०३-२२

# सोलुदुधकुण्ड नगरपालिकाको विनियोजन विधेयक, २०७६

<u>प्रस्तावना :</u>सोलुदुधकुण्ड नगरपालिका आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम सोलुदुधकुण्ड नगरपालिका विनियोजन ऐन, २०७६ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :</u>(१)आर्थिक वर्ष २०७६/०७७को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५०६१७९००० ।(अक्षेरुपी रुपैयाँ पचास करोड एकसट्ठी लाख उनासी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. <u>विनियोजन :</u>(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७को निमित्त सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची - १

# दफा (२) संग सम्बन्धित

आ.ब. ०७६/०७७ को आय ब्यय बिबरण

| क्र.स | शीर्षक | बजेट रकम |
|---|---|---|
| १ | **आन्तरिक श्रोत तर्फ** | |
| | कर, दस्तुर, सेवा शुल्क | १२३९८००० \| - |
| | राजश्व बाडफाड | ४५००००० \| - |
| | पर्यटन रोयल्टी | ९०८००००।- |
| | संरक्षित वन | १०३६४०००।- |
| २ | **आगामी वर्षको लागि अ.ल्या. हुने रकम** | ७३००००० \| - |
| ३ | **अन्तर सरकारी बितिय हस्तान्तरण** | |
| क | संघिय सरकार | |
| | समानीकरण अनसदान | १३३८००००० \| - |
| | शर्सत अनुदान | २०१५००००० \| - |
| | राजश्व बाडफाड | ९२६००००० \| - |
| ख | प्रदेश सरकार | |
| | समानीकरण अनुदान | ६८९३००० \| - |
| | शर्सत अनुदान | १७०००००० \| - |
| | राजश्व बाडफाड | १०७४४००० \| - |
| **कुल जम्मा** | | **५०६१७९०००।-** |